विज्ञानको बुद्धि    प्रविधिको प्रगति    धर्मको विवेक    सहृदयताको सम्बन्ध

# मौलिक जरोकिलो पार्टी

# घोषणा पत्र



सहृदयता दर्शन
(Sahridayata Philosophy)

आधारशिला चतुष्टय
(Four Foundation Pillars)

राज्यराष्ट्र सिद्धान्त
(State Nation Theory)

स्थितिगत्यात्मक प्रगतिवाद
(Stato-dynamic Progressivism)

सहृदयता अर्थतन्त्र
(Sahridayata Economy)

मौलिक शिक्षा प्रणाली
(Indigenious, Scientific and Innovative Education System)

आशा, आत्मविश्वास र आत्मीयताको संवाहक



**युगद्रष्टा निर्मलमणि अधिकारी**
सङ्कल्पकर्ता, जरो किलो महाअभियान



**उर्मिला खनाल**
सङ्कल्पकर्ता, मौलिक जरोकिलो पार्टी

## १. पृष्ठभूमि

एउटा नवीन ज्योतिले नेपालीजनलाई आशा, आत्मविश्वास र आत्मीयताको बाटो (पथ/मार्ग) देखाइरहेको वर्तमान समयमा जरो र किलो नेपालमै भएको मौलिक रैथाने शक्तिको उत्तराधिकारी राजनैतिक पार्टी (दल) का रूपमा **मौलिक जरोकिलो पार्टी**को स्थापना गरिएको छ । युगद्रष्टा निर्मलमणि अधिकारीको अनुसन्धान, अनुष्ठान एवं साधनाको फलस्वरूप अभिनिर्मित सहृदयता दर्शन, राज्यराष्ट्र सिद्धान्त, स्थितिगत्यात्मक प्रगतिवाद, आधारशिला चतुष्टय आदि नै उपर्युक्त नवीन ज्योतिका स्रोत हुन् । यो ज्योतिले कपूतन्त्रको तमस् (अँध्यारो) बाट नेपाललाई मुक्त गराउने विश्वास हामीले लिएका छौँ । तसर्थ नेपाल अहिले पुनर्जागरण युगको मार्गमा छ र मौलिक जरोकिलो पार्टी वास्तवमा पुनर्जागरणको एक साधन हो ।

## २. प्रारूप

नेपालभित्र र वैश्विक तहमा समेत जरो किलो महाअभियानले एक युगान्तकारी एवं युगप्रवर्तनकारी शक्तिका रूपमा प्रारम्भ गरेका कार्यहरूलाई राजनैतिक पार्टीका हैसियतले अघि बढाउन **मौलिक जरोकिलो पार्टी** स्थापित भएको छ । पुनर्जागरणमा आधारित आधुनिकता र आधुनिकतासहितको पुनर्जागरणका लागि हामीले निम्नानुसारका दर्शन, सिद्धान्त, दृष्टिकोण, कार्यपद्धतिआदि अवलम्बन गरेका छौँ :

- **दर्शन** : सहृदयता ।
- **आधारशिला चतुष्टय** : विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक र सहृदयताको सम्बन्ध ।
- **राजनीतिक सिद्धान्त** : राज्यराष्ट्र ।

- **समाजविकासको सिद्धान्त** : स्थितिगत्यात्मक प्रगतिवाद ।
- **आर्थिक सिद्धान्त** : सहृदयता अर्थतन्त्र ।
- **दृष्टिकोण** : वैज्ञानिकतायुक्त धर्म एवं धार्मिकतायुक्त विज्ञान ।
- **कार्यपद्धति** : अनुसन्धान, उद्यमशीलता, विकास ।
- **सङ्गठन पद्धति** : विशिष्ट नेतृत्व, सामूहिक कर्तृत्व, संस्थागत स्वामित्व ।
- **सङ्गठन संरचना** : सभा, समिति, परिषद् ।
- **लक्ष्य** : युगप्रवर्तन (वैज्ञानिक सत्ययुग) ।

## ३. मौलिक जरोकिलो पार्टी किन ?

किन भने :

- नेपालमै जरोकिलो भएका मौलिक दर्शन, सिद्धान्त, वाद, मत, प्रतिमान, प्रणाली आदिको अनुसन्धान, अवलम्बन, विकास एवं प्रवर्धन गरी नेपाललाई वास्तवमै सार्वभौमसत्तासम्पन्न, स्वतन्त्र, स्वाधीन साथसाथै संसारकै अग्रणी राष्ट्र बनाउनका लागि जरो र किलो नेपालमै भएको मौलिक रैथाने शक्ति आवश्यक परेको हुनाले,

- नेपालको नेतृत्त्व सम्हाल्न यो देशका लागि सुयोग्य नेतृत्व विकास गराई देशको सर्वाङ्गीण उन्नति प्रगतिका लागि सर्वश्रेष्ठ नेतृत्व सुनिश्चित गर्न र अयोग्य एवं अक्षम ठहरिइसकेका कपूतन्त्रका घटकहरूको विस्थापन गर्न एउटा नयाँ राजनैतिक दल (पार्टी) आवश्यक परेको हुनाले,

- नेपालमा विकास, न्याय, स्वाधीनता, समृद्धि, सुख, शान्ति, सहृदयता प्रत्याभूति गर्नको निमित्त विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक एवं सहृदयताको सम्बन्ध (आधारशिला चतुष्टय) लाई अवलम्बन गर्ने राजनैतिक शक्ति आवश्यक परेको हुनाले,

- आर्थिक समृद्धि एवं स्वाधीनताको लागि उद्यमशीलतालाई व्यावहारिक रूपमा लागू गर्न एवं अनुसन्धानलाई प्राथमिक रूपमा अवलम्बन गरी उद्यमशीलता मार्फत् व्यक्ति, समाज र देशको विकास गर्न वैज्ञानिक धाराको राजनैतिक पार्टी आवश्यक परेको हुनाले,

- नेपाललाई राज्यराष्ट्रका रूपमा सुसञ्चालन गर्ने राजनीतिक नेतृत्व विकास

गर्न एवं सो नेतृत्वलाई जनअनुमोदनद्वारा राज्यसत्ताको निर्णायक हैसियतमा स्थापित गराउने सिद्धान्तनिष्ठ मौलिक रैथाने शक्ति आवश्यक परेको हुनाले,

- सहृदयता दर्शनलाई राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिकसहितका क्षेत्रहरूमा सैद्धान्तिक साथसाथै व्यावहारिक प्रायोगिक रूपमा लागू गर्न एक मौलिक राजनैतिक पार्टी आवश्यक परेको हुनाले ।

सङ्क्षेपमा, कपूतन्त्र नै वर्तमान नेपालको मुख्य समस्या हो र कपूतन्त्रको समूल अन्त्य नै वर्तमान नेपालको लागि अत्यावश्यक निकास हो भन्ने ठहर गरी नेपालको मौलिकतालाई मूलधार मानेर **मौलिक जरोकिलो पार्टी** स्थापना गरिएको हो ।

## ४. उद्देश्यहरू

- कपूतन्त्रका कारणले परेको सङ्कटै सङ्कटको सङ्क्रमणबाट नेपाललाई मुक्त गराउने,
- नेपाललाई मानव विकास, आधारभूत संरचनागत विकास, विज्ञान प्रविधिआदिका मानकबाट विश्वका विकसित देशहरूको समूहमा पुऱ्याउने, र
- अन्ततोगत्वा नेपाललाई नयाँ वैश्विक संरचनाको अग्रणी एवं केन्द्र बनाउने ।

## ५. मार्गचित्र

- दण्डहीनता निर्मूल गरी मौलिक दण्डनीति, विधि, न्यायको शासन प्रशासन सुनिश्चित गर्ने ।
- भ्रष्टाचारको कारण नै उन्मूलन गर्ने । भ्रष्टाचारीहरूलाई अति कडा दण्डसजाय गर्ने ।
- उद्यमशीलता, रोजगारी, सम्मानित जीवन जिउन पुग्ने आम्दानी स्वदेशमै सुनिश्चित गराई नेपाल आमाका सन्तानलाई बाध्यताले विदेश जानु नपर्ने अवस्था बनाउने ।
- विधि, न्याय, समता, समावेशी नीतिअनुसार राज्यलाई सर्वहितकारी सर्वकल्याणकारी राष्ट्रका रूपमा सबै थरी नेपाली नागरिकको साझे घरका रूपमा विकास गर्ने । नेपालको वर्तमान संविधानमा उल्लेखित खस आर्य, दलित, मधेशी, आदिवासी जनजाति, थारुसहितका सबै

समुदायको सहृदयताको सम्बन्ध सुनिश्चित गर्ने । अपाङ्गता भएका नेपालीजनका लागि पनि राष्ट्रले अभिभावकीय कर्तव्य पूरा गर्ने । कोही पनि नेपाली नागरिक शोषित, वञ्चित, सीमान्तीकृत अवस्थामा रहनु नपर्ने र सर्वजन सुखी रहने सुव्यवस्थाका लागि कृतसङ्कल्पित रहने ।

- महिला पुरुष, विविध जाति प्रजाति नश्ल, भाषा, भौगोलिकता तथा अन्य पनि वैविध्यलाई वैभिन्न्यका रूपमा होइन, सम्पदाका रूपमा समन्वय गरी सहृदयताको सम्बन्धका लागि कार्य गर्ने ।
- राष्ट्रिय नागरिकता नीति बनाई नेपालको नागरिकताबारे राज्यराष्ट्र सिद्धान्तअनुसार निर्णय एवं अन्तर्राष्ट्रिय सीमानाको नेपालसापेक्ष सुव्यवस्थासमेत गरी देश र विदेश जहाँकहिँ पनि रहेका नेपाली नागरिकले निर्वाचनमा मतदान गर्न पाउने सर्वप्रतिनिधित्वकारी शासन व्यवस्था बनाउने ।
- नेपालको शासन प्रशासन, विधायन, न्याय सम्पादन नेपालकेन्द्रित मौलिक प्रतिमानअनुसार गर्ने ।
- नेपालको संविधान, ऐन एवं सबै कानुनी संरचनाको नेपालको मौलिक रैथाने प्रतिमानअनुसार स्थितिगत्यात्मक विकास गर्ने ।
- नागरिक तथा राजनीतिक अधिकार र सांस्कृतिक अधिकारसम्बन्धी प्रावधानहरूलाई राज्यराष्ट्र सिद्धान्तअनुसार सुव्यवस्थित गर्ने । एकाङ्की अधिकारमुखी मात्र होइन, कर्तव्य र अधिकारको अन्योन्याश्रित प्रावधान राख्ने ।
- विज्ञानको बुद्धि, प्रविधिको प्रगति, धर्मको विवेक एवं सहृदयताको सम्बन्ध (आधारशिला चतुष्टय) को आधारमा स्थापित हुने वैज्ञानिक सत्ययुगको संवाहकका रूपमा कार्य गर्ने ।
- राज्यराष्ट्र सिद्धान्तअनुसार राष्ट्र, राष्ट्रियता एवं वैश्विक कुटुम्बको अद्यावधिक, वैज्ञानिक, बृहत्तर सैद्धान्तिक आधारको अभिनिर्माण, संरक्षण, संवर्द्धन, प्रवर्धन र विकास गर्ने ।
- वैज्ञानिकतायुक्त धर्म एवं धार्मिकतायुक्त विज्ञानको मान्यतालाई संरक्षण, संवर्द्धन, प्रवर्धन र विकास गर्ने । आधिभौतिक, आधिदैविक, आध्यात्मिक सबै आयामको समन्वय गर्ने ।

- ➢ स्थितिगत्यात्मक प्रगतिवादलाई आत्मसात गरी पुनर्जागरण र आधुनिकताको अन्योन्याश्रित अवलम्बनबाट नेपालमा विकास, न्याय, स्वाधीनता, समृद्धि, सुख, शान्ति, सहृदयता प्रत्याभूति गर्न अग्रसरता लिने ।

- ➢ नेपालकेन्द्रित प्रारूप अभिनिर्माण गरी नेपालको शिक्षानीति, अर्थनीति स्वास्थ्यनीति, नेपालका प्राकृतिक एवं जैविक संसाधनको सदुपयोग, दिगो विकासको मौलिक स्वरूपआदिका क्षेत्रमा अनुसन्धानसिद्ध नीति एवं योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

- ➢ नेपालमै जरोकिलो भएका मौलिक रैथाने दर्शन, सिद्धान्त, वाद, मत, प्रतिमान, प्रणाली, रणनीति, कार्यनीतिआदिको अनुसन्धान, विकास, प्रवर्धन गर्ने ।

- ➢ वेद (वैदिक सनातन हिन्दू), त्रिपिटक (बौद्ध), मुन्धुम (किराती) सहितका मौलिक ज्ञानका स्रोत ग्रन्थहरूका साथसाथै मौलिक श्रुति परम्परालाई पनि नेपालको राष्ट्रिय ज्ञान सम्पदाका रूपमा लिई मौलिक सभ्यताको पुनर्जागरण गराउने ।

- ➢ विशिष्ट नेतृत्व, सामूहिक कर्तृत्व, संस्थागत स्वामित्वलाई साङ्गठनिक पद्धति एवं अनुसन्धान, उद्यमशीलता, विकासलाई कार्यपद्धतिका रूपमा अवलम्बन गरी उद्यमशीलतामार्फत् नेपालको सर्वाङ्गीण विकासका लागि कार्य गर्ने ।

- ➢ विज्ञान, प्रविधि, समाज, अर्थतन्त्र, शिक्षा, स्वास्थ्य, जलस्रोत, तीर्थाटन, पर्यटन, उद्योग, वातावरण, पूर्वाधार तथा मानव विकासआदि क्षेत्रहरूको सर्वाङ्गीण एवं समष्टीकृत विकासका लागि मौलिक पद्धति, विधि एवं योजनासहित कार्य गर्ने । जल, जमीन र जङ्गलको मौलिक सभ्यतागत एवं स्थितिगत्यात्मक विधिबाट सदुपयोग गर्ने ।

- ➢ नेपाललाई सहृदय अर्थतन्त्रको उदाहरणीय देशको रूपमा विकास गरी वैश्विक आर्थिक प्रणालीको प्रतिमानका रूपमा अग्रणी बनाउने । कृत्रिम बौद्धिकता (Artificial Intelligence), सूचना तथा सञ्चार प्रविधि, जैविक विज्ञान आदिको विकासमा आधारित चौथो औद्योगिक क्रान्ति भनिएको वैश्विक परिघटनामा नेपालको अग्रणी स्थानका लागि स्वक्रियात्मक पद्धतिबाट अग्रसर हुने ।

- ➢ नेपालका मौलिक रैथाने धर्म, संस्कृति, दर्शनशास्त्र, परम्परा, कला, रीतिरिवाज, विद्या, शिल्प, सीप, आयुर्वेद, योग, कृषि, उद्योग आदिको

संरक्षण, संवर्धन, अन्वेषण, अनुसन्धान, विकास र प्रवर्धन गर्ने ।

- अनुसन्धान (शोध) (Research), आविष्कार (Invention), नवाचार (Innovation) र नैतिकतालाई नेपाली मानव संसाधनको प्रमुख विशेषताका रूपमा विकास गर्ने । शिक्षा, सीपमूलक प्रशिक्षण, व्यक्तित्व विकासआदि क्षेत्रमा सोहीअनुसार राष्ट्रिय लगानी गर्ने ।

- खेलकुद, सङ्गीत, गायन, नाट्य, साहित्य, चित्रकला, मूर्तिकला, कथानक चलचित्र, वृत्तचित्र, सिर्जनाका डिजिटल तथा परम्परागत विविध विधाहरूआदिलाई वैयक्तिक प्रतिभा विकासका माध्यम साथसाथै नेपालको आत्मबोध, आत्मगौरव एवं वैश्वस्थानिक अग्रताका माध्यमका रूपमा समेत विकास गर्ने ।

- नेपाललाई संसारभरिकै हिन्दू, बौद्ध, किराती, बोन, जैन, शिख लगायतका धर्मावलम्बीहरूको तीर्थाटनको गन्तव्यका रूपमा ब्राण्डिङ्ग र मार्केटिङ्ग गर्ने ।

- घृणावाद, निर्लज्ज नाफाखोरी र अनैतिक उपभोक्तावादका कारणले वैश्विक तहमै खडा भएका समस्याहरूको निराकरणका लागि सैद्धान्तिक साथसाथै प्रायोगिक क्षेत्रहरूमा कार्य गर्ने ।

- नेपालकेन्द्रित प्रारूपका आधारमा राष्ट्रिय सुरक्षा नीति एवं नेपालको वैश्वस्थानिक अग्रता हुने गरी क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सम्बन्ध एवं कूटनीतिको अनुसन्धान, निर्धारण र कार्यान्वयन गर्ने ।

विकास न्याय स्वाधीनता समृद्धिमा नेपालको ।
सहृदयी तराई मधेश पहाड र हिमालको ॥

नेपाल आमाको जय होस् ।
सबै नेपालीजनको जय होस् ।

अघि बढौँ यो युग हाम्रो हो ।




हाम्रो झण्डा



हाम्रो चुनाव चिह्न

नेपाललाई नेपाल नै बनाउन चाहनेजति
सबैजनालाई “मौलिक जरोकिलो
पार्टी”मा हार्दिक स्वागत छ ।
नेपाललाई अमेरिकाजस्तो,
ब्रिटेनजस्तो, जापानजस्तो,
स्वीजरल्याण्डजस्तो, सिंगापुरजस्तो,
रसियाजस्तो, चाइनाजस्तो,
इण्डियाजस्तो, स्क्यान्डिनेभियन
देशहरूजस्तो वा त्यस्तै केहीजस्तो
बनाउने भनेर कपूतन्त्रेहरूले
दशकौंदेखि सपना बेचेका बेच्यै छन् ।
कतिन्जेल हो नेपालीजनलाई
कपूतन्त्रेहरूले ठगिरहने ? जागौं,
कपूतन्त्रको समूल अन्त्य गरौं ।
नेपाललाई नेपाल नै बनाइराखौं ।
अघि बढौं यो युग हाम्रो हो ।



**सुशील गौतम**
अध्यक्ष
मौलिक जरोकिलो पार्टी


कागेश्वरी मनोहरा, वडा नं ४, डाँछी, काठमाडौं, नेपाल

rootandlocus@gmail.com ९८४३४८८१४७, ९८६५५८७३२२, ९८६१७२७४५३

www.raithaneshakti.org @rootandlocus @RaithaneShakti Jaro Kilo महाअभियान